धुर्कोट गाउँपालिका
गुल्मी जिल्ला,प्रदेश नं. ५. नेपाल

# धुर्कोट राजपत्र

| | | | |
|---|---|---|---|
| भाग : २ | वर्ष : १ | अंक : १४ | २०७४ फागुन ०२, शुक्रवार |

गाउँ कार्यपालिकाबाट मिति २०७४/०९/०३ मा स्वीकृत भएको लक्षित वर्ग कार्यक्रम सञ्चालन कार्यविधि , २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

**धुर्कोट गाउँपालिकाको लक्षित वर्ग सञ्चालन कार्यविधि, २०७४**

आज्ञाले,
लोकहरी थापा
प्रमुख प्रशासकीय अधिकृत

# धुर्कोट गाउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# बर्बोट, गुल्मी

# लक्षित वर्ग कार्यक्रम सञ्चालन कार्यविधि
# २०७४

धुर्कोट गाउपालिका भित्र लक्षित समुदायका लागी आर्थिक, सामाजिक तथा विकासात्मक कार्यक्रम सञ्चालन गरि सामाजिक न्याय र समानता कायम गर्नका लागी विशेष व्यवस्था गर्न आवश्यक भएकाले गाउँ कार्यपालिकाको मिति २०७४ पौष ४ को निर्णयानुसार यो कार्यविधि लागु गरिएको छ।

# परिच्छेद १
# प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम **"धुर्कोट गाउपालिका लक्षित वर्ग सञ्चालन कार्यविधि,२०७४"** रहनेछ।

(ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

२) परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) गाउपालिका भन्नाले धुर्कोट गाउपालिकालार्य जनाउनेछ।

(ख) अध्यक्ष भन्नाले धुर्कोट गाउपालिकाका अध्यक्षलार्य जनाउनेछ।

(ग) उपाध्यक्ष भन्नाले धुर्कोट गाउपालिकाका उपाध्यक्षलाई जनाउनेछ।

(घ) लक्षित कार्यक्रम भन्नले गाउपालिका अन्तर्गतका महिला, आदिवासि, जनजाति, दलित, पिछडिएको वर्ग, अल्पसंख्यक समुदायको बहुपक्षिय हित गर्ने वा लक्षित वर्ग भनि तोकिएको अन्य कार्यक्रमलाई जनाउछ।

(ङ) कोष भन्नाले लक्षित वर्ग सँग सम्बन्धित कार्यक्रम व्यवस्थापन र सञ्चालनका लागी स्थापित कोष भन्ने बुझ्नुपर्दछ।

(च) समन्वय समितिको उपाध्यक्ष भन्नाले धुर्कोट गाउकार्यपालिकाले नियुक्ति गरेको व्यक्तिलाई जनाउनेछ।

(छ) समन्वय समिति भन्नाले धुर्कोट गाउ कार्यपालकाले गठन गरेको समितिलाई जनाउनेछ।

# परिच्छेद २
# उद्देश्य

यस कार्यविधिको **उद्देश्य** देहायबमोजिम रहेको छन्।

(क) लक्षित वर्ग समुदायको बहुपक्षिय हित प्रवर्धत गर्नु।

(ख) लक्षित वर्गका लागी विनियोजित रकमको सदुपयोग गर्दै योजनाको प्रभावकारी कार्यान्वयन गर्नु।

## परिच्छेद ३
## कार्यक्रम तर्जुमा

(क) गाउपालिकाले वार्षिक वा क्रमागत रुपमा कार्यान्वयन गर्नका लागी कार्यक्रमरु तर्जुमा गर्नेछ। लक्षित कार्यक्रमहरु विकासकात्मक वा निर्माणात्मक वा क्षमता वकासमुलक हुन सक्नेछन्। यस्तो कार्यक्रम गाउसभाबाट पारित गारि कार्यान्वयन गरिनेछ।

(ख) गाउसभाले कार्यक्रम तजूमा सम्बन्धि अख्तियारी गाउँ कार्यपालिकालाई लिएको खण्डमा गाउ कार्यपालिका बैठकबाट कार्यक्रम पारित गरि लागु गर्न सकिनेछ।

(ग) अन्य निकानयबाट हस्तान्तरण भई आएका वा समपूरक कोषबाट सञ्चालन हुने कार्यक्रम समेत गाउ कार्यपालिकाको बैठकबाट निर्णय गरि सञ्चालन गर्न सकिनेछ।

- ❖ कार्यक्रम तर्जुमाका आधारहरु :
    - ➢ दिर्घकालिन लाभजन्य पुर्वाधार तयार गर्ने,
    - ➢ सम्बन्धित क्षेत्रको मौलिकता र सँस्कृतिको प्रवर्धन गर्ने,
    - ➢ क्षमता वा सिप विकास र रोजगारिमुलक,
    - ➢ स्गानिय उत्पादनको सदुपयोग गर्ने,
    - ➢ स्थानिय आवश्यकतामा आधारित वस्तु तथा सेवाको उत्पादन गर्ने,
    - ➢ सभागितामुलक।

## परिच्छेद ४
## कार्यक्रम कार्यान्वयन

(क) लक्षित वर्गका सबै कार्यक्रमहरु गाँउपालिकाका अन्य योजनानुसार कार्यान्वयन गरिनेछ। गाँउपालिकाले निर्धारण गरेबमोनिम योजना कार्यान्वयन र फरफारक गर्नुपर्नेछ।

(ख) उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाका हकमा उपभोक्ता समितिमा लक्षित वर्ग समुदाय बाहेक अन्यको प्रतिनिधित्व हुने छैन।

(ग) क्षमता विकास सम्बन्धि कार्यक्रम कार्यान्वयनमा विस्तृत प्रस्तावना स्वीकृत गराई सोही बमोजिम गर्नुपर्नेछ।

(घ) सेवा सहयोग वा अन्य जेसुकै नाममा सिधै रकम वितरण गर्न पाईने छैन।

## परिच्छेद ५
## कोष सम्बन्धि व्यवस्था

(क) धुर्कोट गाउँपालिकाले लक्षित कार्यक्रम प्रवर्धन गर्नका लागी देहायवमोजिमका कोषको स्थापना गर्न सक्नेछ ।

(१) लैङ्गिक हिंसा निवारण कोष

(२) एकल मलिला सुरक्षा कोष

(३) आपत्कालिन बाल उद्दार कोष

(४) ज्येष्ठ नागरिक सुरक्षा कोष

(५) मानव बेचविखन तथा ओसारपसार प्रभावितका लागी पुर्नस्थापना कोष

(ख) कोषको सञ्चालनका लागी निम्नानुसारको समिति गठन गर्न सकिनेछ । सञ्चालन सम्बन्धि अन्य प्रक्रिया गाउँ कार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| अध्यक्ष | - | गाउँपालिका अध्यक्ष |
| उपाध्यक्ष | - | गाउँपालिका उपाध्यक्ष |
| सदस्य | - | प्रमुख प्रशासकिय अधिकृत |
| सदस्य | - | लेखापाल/स.लेखापाल |
| सदस्य सचिव | - | विषयगत कर्मचारी |

(ग) (क) बमोजिम स्थापित कोषमा देहायबमोजिमको रकम जम्मा गर्न सकिनेछ ।

- गाउँपालिकाले लक्षित कार्यक्रम कोषका लागी छुट्टाईएको रकम
- नेपाल सरकार वा कुनै परियोजनाबाट तोकिई आएको रकम
- समपुरक वा साझेदारी कार्यक्रमका लागी प्राप्त रकम

(घ) अनुगमन तथा मुल्याङ्कन सम्बन्धि व्यवस्था

- गाउँपालिका कार्यालयबाट आवश्यकता अनुसार लक्षित कार्यक्रमहरुको कार्यान्वयन गर्न सकिनेछ ।
- अनुगमन तथा मुल्याङ्कनका लागी गाउँपालिकामा छुट्टै समिति गठन गर्न सकिनेछ । कार्यक्रम कार्यान्वय क्षेत्रमा सम्बन्धिच व्यक्तिहरुको सहभागीतामा अनुगमन तथा मुल्याङ्कन समिति गठन हुनेछ, त्यस्तो समितिको सिफारिस पस्चात मात्र योजना वा कार्यक्रमको फरफरक गरिनेछ ।

- अनुगमन तथा मुल्याङ्कनका क्रममा निर्धारित कार्यविधि पालना गरिएको नपाईएमा कार्यक्रम रद्द गर्न, जरिवाना गर्न, उपभोक्ता समिति वा कार्यक्रम सञ्चालक समितिलाई कारवाहि गर्न सकिनेछ ।

## परिच्छेद ६
## समन्वय समिति

लक्षित वर्गका कार्यक्रमहरु सञ्चालनमा सहयोग र समन्वय गर्नको लागी देहायबमोजिमको समन्वय समिति गठन गरिनेछ ।

**(१) महिला बालबालिका तथा ज्येष्ठ नागरिक सम्बन्धि कार्यक्रमहरु सञ्चालनमा समन्वय गर्नका लागी निम्नानुसारकोगाउपालिका स्तरिय समन्वय समिति गठन गरिनेछ ।**

| | | |
|---|---|---|
| अध्यक्ष | - | गाउँपालिका अध्यक्ष |
| उपाध्यक्ष | - | अध्यक्षको प्रस्तावमा गाउँ कार्यपालिकाबाट नियुक्त गरिनेछ |
| सदस्य | - | २ जना धुर्कोट गाउँ कार्यपालिकाबाट नियुक्त गरिनेछ |
| सदस्य सचिव | - | विषयगत कर्मचारी |

**(२) दलित लक्षित कार्यक्रमहरु सञ्चालनमा समन्वय गर्नका लागी निमनुसारको गाउँपालिका स्तरिय समन्वय समिति गठन गरिनेछ ।**

| | | |
|---|---|---|
| अध्यक्ष | - | गाउँपालिका उपाध्यक्ष |
| उपाध्यक्ष | - | अध्यक्षको प्रस्तावमा गाउँ कार्यपालिकाबाट नियुक्त गरिनेछ |
| सदस्य | - | २ जना धुर्कोट गाउँ कार्यपालिकाबाट नियुक्त गरिनेछ |
| सदस्य सचिव | - | विषयगत कर्मचारी |

**(३) अपाङ्ग लक्षित कार्यक्रमहरु सञ्चालनमा समन्वय गर्नका लागी निम्नानुसारको गाउँपालिका स्तरिय समन्वय समिति गठन गरिनेछ ।**

| | | |
|---|---|---|
| अध्यक्ष | - | गाउँपालिका उपाध्यक्ष |
| उपाध्यक्ष | - | अध्यक्षको प्रस्तावमा गाउँपालिकाबाट नियुक्त गरिनेछ |

| | | |
|---|---|---|
| सदस्य | - | २ जना धुर्कोट गाउँ कार्यपालिकाबाट नियुक्त गरिनेछ |
| सदस्य सचिव | - | विषयगत कर्मचारी |

**(४) धुर्कोट गाउँपालिकामा जनजाति लक्षित कार्यक्रमहरु सञ्चालनमा समन्वय गर्नका लागी निम्नानुसारको गाउँपालिका स्तरिय समन्वय समिति गठन गरिनेछ।**

| | | |
|---|---|---|
| अध्यक्ष | - | गाउँपालिका उपाध्यक्ष |
| उपाध्यक्ष | - | अध्यक्षको प्रस्तावमा गाउँपालिकाबाट नियुक्त गरिनेछ |
| सदस्य | - | २ जना धुर्कोट गाउँपालिकाबाट नियुक्त गरिनेछ |
| सदस्य सचिव | - | विषयगत कर्मचारी |

**(५) धुर्कोट गाउँपालिकामा कला संस्कृतिको जगेर्ना गर्नको लागी विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ। सो कार्यक्रमहरु सञ्चालनमा सहयोग र समन्वय गर्नका लागी निम्नानुसारको गाउँपालिका स्तरिय समन्वय समिति गठन गरिनेछ।**

| | | |
|---|---|---|
| अध्यक्ष | - | गाउँपालिका अध्यक्ष |
| उपाध्यक्ष | - | अध्यक्षको प्रस्तावमा गाउँपालिकाबाट नियुक्त गरिनेछ |
| सदस्य | - | २ जना धुर्कोट गाउँ कार्यपालिकाबाट नियुक्त गरिनेछ |
| सदस्य सचिव | - | विषयगत कर्मचारी |

**(६) समन्वय समितिमा नियुक्ति हुने व्यक्तिको योग्यता**

(क) धुर्कोट गाउँपालिकामा स्थायी बसोवास रहेको व्यक्ति
(ख) सम्बधित क्षेत्रमा अनुभव रहेको व्यक्ति

**(७) बैठक तथा सेवा सुविधा**

समन्वय समतिको बैठक प्रत्येक ३ महिनामा १ पटक बस्नेछ। गाउँपालिकाको निर्णय अनुसार बैठक भत्ता दिईनेछ। उपाध्यक्षको हकमा मासिक निर्वाह खर्चको रुपमा रु.५,०००।-(अक्षरुपी पाँच हजार रुपैया) उपलब्ध गराईनेछ।

**(८) पदावधी**

समन्वय समितिका पदाधिकारीको पदावधि नियुक्ति भएको मितिले ३ वर्षको हुनेछ ।

**(९) बर्खास्त गर्न सकिने अवस्था**

देहायको अवस्थामा समन्वय समितिका पदाधिकारीको पद बर्खास्त हुनेछ ।

- गाउँपालिकालाई आघात पुग्ने काम गरेमा
- आर्थीक हिनामिना गरेमा
- धुर्कोट गाउँपालिकाको सिमा भन्दा बाहिर बसाईसराई गरेमा

निजको काम कार्बाहिमा चित्त नबुझेमा पदबाट बर्खास्त गरिनेछ तर निजलाई एक पटक सफाईको मौका दिईनेछ ।

**(१०) पद रित्त हुन सक्ने अवस्था**

देहायको अवस्थामा समन्वय समितिका पदाधिकारीको पद रित्त हुनेछ ।

- समितिको उपाध्यक्ष र सदस्यले गाउपालिका अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा,
- निजको मृत्यु भएमा

**(११) समन्वय समितिको काम कर्तव्य र अधिकार**

- लक्षित वर्गका हितमा काम गर्ने,
- गाउपालिकाबाट हुने लक्षित वर्गका कार्यक्रम सञ्चालनमा सहयोग र समन्वय गर्ने,
- महिला, दलित, जनजाती, अपाङ्ग, ज्येष्ठ नागरिक, बालबालिकाहरुको तथ्याङ्क संकलन तथा अभिलेख राख्ने,
- गाउपालिकाको निति निर्माणमा सहयोग पुऱ्याउने,
- महिला,अपाङ्ग, बालबालिका माथी हुने हिंसा न्युनिकरण सम्बन्धी कार्यक्रमा सहजीकरण गर्ने,
- दलितहरु माथी हुने छुवाछुत विरुद्ध विभिन्न सचेतनामुलक कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने,
- जनजातिहरुको भाषा संरक्षण सम्बन्धी कार्यक्रममा टेवा पुऱ्याउने

## परिच्छेद ७
## खर्च सीमाङ्कन

| क्र.स. | प्रयोजन | दर (रु.) | | स्पष्टिकरण |
|---|---|---|---|---|
| | | गाउपालिका स्तर | गाउस्तर | |
| १. | सबै प्रकारका तालिममा स्रोत व्यक्तिको पारिश्रमिक (प्रतिकक्षा)<br>● अधिकृत स्तर<br>- कक्षा सञ्चालन<br>- कार्य पत्र | ६००।-<br>७००।- | ४००।-<br>५००।- | एउटा कक्षाको अवधि कम्तीमा १ घण्टा ३० मिनेट हुनुपर्दछ। कार्यपत्र भन्नाले कम्तीमा ७५० शब्दको प्रबन्ध सम्झनुपर्दछ :<br>पारदर्शक पाना, प्रस्तुतीकरण टिपोट वा प्रस्तुतीकरणको टिपोटको लागी तयार पारिएको अरु त्यस्तै सामाग्रीको छाँया प्रति कार्यपत्र हुदैन। सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाउने तर कार्यपत्र बापतको रकम पाउनेछ। |
| २. | ● सहायक स्तर/अन्य तालिम<br>- कक्षा सञ्चालन<br>- कार्यपत्र | ५००।-<br>६००।- | ४००।-<br>५००।- | |

## परिच्छेद ८
## विविध

(क) यस कार्यविधिमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुनबमोजिम हुनेछन्।
(ख) कार्यक्रम तर्जुमा, कार्यान्वयन तगायत जुनसुकै चरणमा आवश्यकता अनुसार विज्ञ आमन्त्रण गर्न सकिनेछ।

## परिच्छेद ९
## संसोधन तथा परिमार्जन

(क) गाँउ कार्यपालिकाको निर्णयबाट यस कार्यविधिलाई आवश्यक संसोधन तथा परिमार्जन गर्न सकिनेछ।

टोल संरक्षण महिला मञ्च गठन कार्यविधि

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गरि सामाजिक अन्तर सम्बन्धलाई सुदृढिकरण गर्न गाउपालिकाको सामाजिक तथा आर्थिक व्यवस्थालाई एक अर्काको परिपुरकको रुपमा विकसित गरि गरिबी निवारणका प्रयासमा ठोस योगदान पुऱ्याउन ग्रामीण समाज परिचालन प्रक्रिया मार्फत समुदायको आर्थिक, सामाजिक, भौतिक, मानविय तथा संस्थागत विकासका लागी तोकिएको भौगालिक क्षेत्र भित्र बसोबास भएको एक घर एक महिला सदस्यको अवधारणामा आधारित टोलका जनसमुदायहरु संगठित भई गाउपालिकाको समग्र विकास कार्यमा सहयोग गर्नको लागी टोल संरक्षण महिला मञ्च बनाईने छ । सो महिला मञ्चलाई व्यवस्थित रुपमा सञ्चालन गर्नको लागी प्रति समुह रु. ५०००।- उपलब्ध गराईनेछ । महिला मञ्च सञ्चालनमा सहजता ल्याउनको लागी १४ जना स्वयम्सेवकको पनि व्यवस्था गरिने छ । स्वयम्सेवकलाई माघ महिना देखि लागे हुने गरि मासिक रु.२०००।- का दरले स्वयम् सेवक सहयोग गरिनेछ ।

उद्देश्य

१) समुदाय स्तरमा सक्षम र दिगो मञ्चको विकास गर्ने ।
२) समुदायको सामाजिक, आर्थिक, भौतिक र मानविय विकास सम्बन्धि कार्यक्रम संचालन गर्न मद्धत पुऱ्याउने ।
३) स्थानिय स्तरको विकास निर्माण प्रकृयालाई दिगो र आत्मनिर्भर बनाउन, समुदायको क्षमता अभिबृद्धि गर्ने कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउने ।
४) समुदायलाई गाउँपालिकाको योजना तर्जुमा, छनोट कार्यान्वयनमा सहयोग पुऱ्याउने ।
५) स्थानिय रुपमा उपलब्ध श्रम, सीप, साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्न सहयोग पुऱ्याउने ।
६) सामाजिक विभेद, सामाजिक सुरक्षा, समतामुलक समाज, सामाजिक न्याय, सुशासन प्रवर्द्धन गर्न सहयोग गर्ने ।

७) समुदायमा सरसफाई, वातावरण संरक्षण, निरक्षरता उन्मुलन, विकृति र विसंगति न्युनिकरण गर्न समुदायलाई अग्रसर गराउने ।

८) माहामारी, प्रकोप, एच.आई.भी, एड्स, लागु पदार्थ दुर्व्यसन, चेलीबेटि बेचबिखन, महिला हिंसा तथा बालश्रम आदि नियन्त्रण तथा रोकथाम गर्न समुदायलाई अग्रसर गराउने ।

९) सार्वजनिक महत्वका जस्तैः सामुदायीक भवन, सार्वजनिक जग्गा, मठ मन्दिर, चर्च, विद्यालय आदिको संरक्षण तथा सम्बर्द्धन गर्न अग्रसर गराउने ।

१०) धुर्कोट गाउपालिकाको दृष्टिकोण, लक्ष्य तथा कार्यक्रम अनुसार समुदायमा संचालन गरिने हरेक गतिविधिमा साथ सहयोग गर्ने ।

११) महिला मञ्चका सदस्यहरुको आर्थीक सशक्तिकरणका लागी संकलन गरिने बचतलाई अधिक सदस्यहरु लाभान्वित हुन सक्ने वातावरण बनाउनका लागी बचत कोष परिचालन कार्यक्रम सञ्चालन गर्ने ।

१२) स्थानिय रुपमा उपलब्ध श्रम, सीप, साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्न सहयोग पुऱ्याउने ।

टोल संरक्षण महिला मञ्चका कार्यहरु :

१) टोल संरक्षण महिला मञ्च मुलतः टोलवासीहरु र गाउँपालिका प्रति उत्तरदायी हुनेछ ।

२) टोल संरक्षण महिला मञ्च गाउँपालिकामा सूचिकृत भएको हुनेछ ।

३) टोल संरक्षण महिला मञ्चको बैठक मासिक रुपमा नियमित वस्नुपर्नेछ । बैठकमा गणपुरक संख्या ५१ प्रतिशत रहनेछ ।

४) सार्वजनिक निकायबाट प्रदान गरिने सेवा प्रवाह र विकास निर्माण कार्यमा साझेदारी र सहकार्य गर्नेछ ।

५) माहामारी, प्रकोप, एच.आई.भी, एड्स, लागु पदार्थ दुर्व्यसन, चेलीबेटि बेचबिखन, महिला हिंसा तथा बालश्रम आदि नियन्त्रण तथा रोकथाम गर्ने कायहरु गर्नेछ ।

६) समुदायमा रहेका महिला, बालबालिका,पिछडिएका वर्ग, विपन्न, दलित र जनजातिहरुको विकासको लागी  सम्बन्धित क्षेत्र तथा निकायबाट सहयोगका लागी सम्बन्ध विस्तार तथा समन्वय कायम गर्नुपर्नेछ ।

७) टोलमा आईपर्ने समस्या तथा चुनौतिहरुको समाधान गर्न एक अर्काको सहयोग लिईनेछ ।
८) गाउँपालिकाको सहभागितात्मक योजना तर्जूमा पद्धतिलाई सहयोग गर्नुपर्नेछ ।
९) वडामा सञ्चालन हुने कार्यक्रममा सहकार्य र समन्वय गरी आफ्नो टोलका समुदायका सदस्यहरुलाई सहभागी गराउनुपर्नेछ ।
१०) सदस्यहरुबाट नियमित रुपमा बचत संकलन तथा परिचालन गर्न सकिने छ ।
११) महिला मञ्चले सदस्यहरुलाई उद्यमशिलता तर्फ अग्रसर गराउन आफ्नो स्व-लगानी तथा विभिन्न सहकारी तथा वित्तिय संस्थाहरु संग समन्वय गरी उद्यम सञ्चालन गर्न आवश्यक ऋृण तथा तालिमको लागी समन्वय गर्नेछ ।

टोल संरक्षण महिला मञ्च सञ्चालन समितिमा देहायबमोजिमका ११ जना पदाधिकारीहरु हुनेछन् ।

| | |
|---|---|
| गाउपालिका अध्यक्ष | अध्यक्ष |
| गाउपालिका उपाध्यक्ष | उपाध्यक्ष |
| | सचिव |
| | सहसचिव |
| | कोषाध्यक्ष |
| | सह-सचिव |
| | ५ जना सदस्य |

## समन्वय समितिको काम कर्तव्य र अधिकार

- लक्षित वर्गका हितमा काम गर्ने,
- गाउपालिकाबाट हुने लक्षित वर्गका कार्यक्रम सञ्चालनमा सहयोग र समन्वय गर्ने,

- महिला, दलित, जनजाती, अपाङ्ग, ज्येष्ठ नागरिक, बालबालिकाहरुको तथ्याङ्क संकलन तथा अभिलेख राख्ने,
- गाउपालिकाको निति निर्माणमा सहयोग पु¥याउने,
- महिला,अपाङ्ग, बालबालिका माथी हुने हिंसा न्युनिकरण सम्बन्धी कार्यक्रमा सहजीकरण गर्ने,
- दलितहरु माथी हुने छुवाछुत विरुद्ध विभिन्न सचेतनामुलक कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने,
- जनजातिहरुको भाषा संरक्षण सम्बन्धी कार्यक्रममा टेवा पु¥याउने ।

**समाप्त**